# नागरिक वकालत र शान्ति प्रक्रियामा विरोध

## राजनीतिकर्मीहरुका लागि सिद्धान्तहरूको एक समूह

## राजनीतिकर्मीहरूले

- अरु सबै राजनीतिकर्मी वा पक्षहरूका अधिकार तथा स्वतन्त्रताहरू एवं बिना भय र त्रास तिनीहरूका राजनीतिक विचार र सिद्धान्तहरूको प्रचारप्रसार गर्न पाउने र काम गर्न पाउने अधिकारको सम्मान गर्नेछन् ।
- आफैलाई यसरी संचालित गर्नेछन् जसले अरु राजनीतिकर्मी वा पक्षहरूका र साथै मतदाता एवं समुदायका अन्य सदस्यहरूको अधिकारहरूको सम्मान गर्नेछन् ।
- प्रेस स्वतन्त्रताको सम्मान गर्नेछन् ।
- सबै राजनीतिकर्मी वा पक्षहरूको सबै सम्भावित मतदाताहरूसम्म पुग्ने उचित स्वतन्त्रताको सुनिश्चितता खोज्न आफ्नो प्रभावको प्रयोग गर्नेछन् ।
- सम्बन्धित राजनीतिक गतिविधिहरूमा सहभागी हुन इच्छा राख्ने सम्भावित मतदाताहरूले त्यो स्वतन्त्रता उपभोग गर्छन् भन्ने सुनिश्चित गर्न प्रयत्न गर्ने छन् ।

## राजनीतिकर्मीहरूले

- व्यवसायिक गतिविधिहरुमा क्रियाशील पत्रकारहरुलाई हैरानी वा बाधा बेवधान खडा गर्ने छैनन् । अर्को राजनीतिक दलको अभियान तथा गतिविधिहरुलाई बिथोल्ने, ध्वस्त पार्नेवा कुण्ठित गर्ने काम गर्नेछैनन् ।
- हातेपर्चार पुस्तिकाहरू वितरण गर्नतथा पोष्टरहरु टाँस्न अन्य राजनीतिकर्मी वा पक्षहरूलाई बञ्चित गर्नेछैनन् ।
- अन्य राजनीतिकर्मी र उम्मेदवारहरूका पोष्टरहरू च्यात्ने, पोत्ने वा केरमेट गर्ने काम गर्नेछैनन् ।
- अन्य कुनैपनि राजनीतिकर्मीलाई र्‍याली, सभा, मार्चवा प्रदर्शन आयोजना गर्नबाट बञ्चित गर्नेछैनन् ।
- कुनैपनि व्यक्तिलाई अरु राजनीतिकर्मीको राजनीतिक र्‍यालीहरूमा सहभागी हुनबाट बञ्चित गर्ने प्रयन्त गर्नेछैनन् ।
- राजनीतिकर्मीहरूले उनीहरूका समर्थकलाई माथि निषेध गरिएका कुनैपनि काम गर्न अनुमति दिने छैनन् ।

## भाषा

## राजनीतिकर्मीहरूले

- राजनीतिक वकालत र विरोधहरू यसरी आयोजना र संचालन गर्नेछन्जसले निर्वाचन अभियानको अवधि, मतदान अवधि, मतगणनाको समय तथा निर्वाचन समाप्ति पछिको अवधिमा पनि अनुकूल एवं शान्तिपूर्ण वातावरण कायम राख्न योगदान पुर्‍याउछ ।
- आफ्नो हैसियत वा अवस्था सुहाउदो उत्तरदायी र मर्यादित व्यवहार गर्नेछन् ।

## राजनीतिक र्‍याली र सभाहरूमा वक्ताहरूले

- उत्तेजित वा गालीगलौजको भाषा प्रयोग गर्नेछैनन् ।
- कुनैपनि व्यक्ति वा समूहहरू विरुद्ध धम्की वा हिंसा भडकाउने कुनैपनि प्रकारको भाषा प्रयोग गर्नेछैनन् ।

**राजनीतिकर्मीहरूले** धम्की वा हिंसा भड्काउने भाषा वा सामाग्री समेटेका पुस्तिका, खबरपत्रिका वा पोष्टरहरू, आधिकारिक रुपमा होस वा गुमनाम रुपमा, जारी गर्नेछैनन् ।

# धम्की र हिंसा

## राजनीतिकर्मीहरूले कुनैपनि प्रकारका धम्की वा त्रास सिर्जना गर्ने कार्य अस्वीकार्य हुन्छ भन्ने कुरा स्वीकार गर्नेछन्, र

- ❖ तिनीका पदाधिकारी, उम्मेदवार, सदस्य तथा समर्थकहरूलाई कुनैपनि व्यक्तिलाई कुनैपनि समयमा दिने धम्की स्पष्ट रुपले निषेधित गर्दै निर्देशनहरू जारी गर्नेछन् ।
- ❖ हिंसा वा धम्कीजन्य हिंसाहरू तथा तिनीहरूका पदाधिकारी, उम्मेदवार, सदस्य तथा समर्थकहरूबाट गरिएका वा गर्छु भनी भनेका कुनै पनि प्रकारका तोडफोड एवं सार्वजनिक वितण्डा मच्चाउने कार्यहरू विरुद्ध अभियान छेंड्ने छन् ।
- ❖ अन्य व्यक्ति एवं पक्षहरू तथा तिनीहरूका सम्पत्तिको सम्मान गर्नेछन् ।

**राजनीतिकर्मीहरूले** तिनीका पदाधिकारी, उम्मेदवार, सदस्य तथा समर्थकहरूलाई कुनैपनि राजनीतिक सभा, ऱ्याली, मार्चवा अन्य प्रदर्शनमा परम्परागत हतियारसहित कुनैपनि प्रकारका हतियारहरू ल्याउन पाउने छैनन् भनी निर्देशन दिनेछन् ।

## राजनीतिकर्मीहरूले

- ❖ दलको शक्ति प्रदर्शन वा श्रेष्ठता प्रमाणित गर्न कुनैपनि प्रकारका हिंसात्मक गतिविधिमा संलग्न हुने वा त्यस्ता कार्यका लागि अनुमति प्रदान गर्नेछैनन् ।
- ❖ सार्वजनिक वा निजी सम्पत्तिलाई क्षति पुऱ्याउने छैनन् ।
- ❖ यस खण्डले प्रतिबन्धित गरेका कुनैपनि कार्य गर्न आफ्ना समर्थकहरूलाई अनुमति प्रदान गर्नेछैनन् ।

# पदको दुरुपयोग

## राजनीतिकर्मीहरूले

- ❖ राजनीतिक उद्देश्यका लागि इनाम दिएर, दण्डको त्रास देखाएर, वा अन्य कुनैपनि तरीकाबाट पदीय शक्ति, विशेषाधिकार वा प्रभावको दुरुपयोग गर्नेछैनन् ।
- ❖ यस खण्डमा "पदीय शक्ति, विशेषाधिकार वा प्रभाव"ले अभिभावकीय, पैतृक, सरकारी, सैनिक वा परम्परागत अधिकारका अवस्थाहरूलाई समेटद्छ ।

# स्वतन्त्र तथा निष्पक्ष निर्वाचनको परिणामलाई स्वीकार्दा

## यी सिद्धान्तहरू अवलम्बन गर्ने कुनैपनि राजनीतिकर्मीले

- ❖ स्वतन्त्र तथा निष्पक्ष प्रमाणित कुनैपनि निर्वाचनको परिणामलाई स्वीकार्नेछ ।
- ❖ कुनैपनि गुनासो वा उजूरी भए सम्बन्धित विवाद निरुपण निकायसमक्ष प्रस्तुत गर्नेछ ।
- ❖ विवाद निरुपण निकायको अन्तिम निर्णयहरूलाई स्वीकार र पालना गर्नेछ ।

---

**'लोकतान्त्रिक निर्वाचनहरूमा अभियान, राजनीतिक दलहरूका लागि आचारसंहिता'** भन्ने पुस्तिकाबाट प्रजातन्त्र र निर्वाचन सहयोगको लागि अन्तर्राष्ट्रिय संस्था (आइडिया) १९९९ को अनुमतिमा पुनःप्रकाशित । अंशहरू संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर), नेपालद्वारा ।

---

थप जानकारीका लागि ओएचसिएचआर-नेपालमा श्री मार्टीलोगनलाई सम्पर्कगर्नुहोला ।
फोनः ४२८०१६४ (एक्सटेन्सनः ३२१) मोबाइलः ९८५१०-१६१०७
इमेलः mlogan@ohchr.org